सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा यूवा तथा खेलकुद शाखा

रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) ५ नं. प्रदेश नेपाल २०७२

प.सं.२०७६।०७७ (शि.शा.)
सूचना 3

सम्बन्धीत सबै

मिति २०७६।०६।३०

विषयः विषय विशेषज्ञताका लागि आवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस सिस्ने गाउँपालिका शिक्षा नियमावली २०७६ को नियम ५६ र गा. पा. शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधी २०७६ बमोजिम यस गा. पा. भित्रका विद्यालयमा रिक्त हुने र गा. पा. बाट वितरण गरिएका नयाँ दरबन्दीमा करारमा नियुक्ति गर्ने प्रयोजनका लागि सोही नियमको उपनियम ८ बमोजिम विषय विशेषज्ञहरु सूचीकृत गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका न्यूनतम योग्यता पुगेका सिस्ने गा. पा. भित्रका स्थायी शिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (सात) दिन भित्र सिस्ने गापा शिक्षा, यूवा तथा खेलकुद शाखामा निवेदन दिनहुन अनुरोध छ।

**आवश्यक योग्यताहरुः**

- आवेदक स्थायी शिक्षक हुनुपर्नेछ। तर माध्यमिक ११-१२ को लागि क्यमपस अस्थायी शिक्षकले समेत दिन पाइनेछ।
- आधारभूत तह अन्तर्गत प्राथमिक कक्षा १-५ को लागि प्राथमिक द्वितीय श्रेणीको स्थायी शिक्षक र न्यूनतम शैक्षिक योग्यता शिक्षाशास्त्रमा प्रविनता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ।
- आधारभूत तह (साविक निमावि) ६-८ को लागि निम्नमाध्यमिक तहमा कार्यरत सम्बन्धित विषयको तृतीय श्रेणीको स्थायी शिक्षक र न्यूनतम शैक्षिक योग्यता शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनु पर्नेछ।
- माध्यमिक तह ९-१० कोलागि माध्यमिक तहमा कार्यरत तृतीय वा द्वितीय श्रेणीको सम्बन्धित विषयको स्थायी शिक्षक र न्यूनतम शैक्षिक योग्यता शिक्षाशास्त्र मा स्नातक तह उत्तीर्ण गरेको।
- माध्यमिक ११-१२ को लागि माध्यमिक तह द्वितीय श्रेणीको स्थायी शिक्षक वा मान्यता प्राप्त विश्वविद्यालय अन्तर्गतको क्यामपसमा कम्तीमा ५ वर्ष देखि अध्यापन गरेको हुनुपर्नेछ र न्यूनतम शैक्षिक योग्यता शिक्षाशास्त्रमा स्नातकोत्तर गरेको ।

**आवश्यक कागजातहरुः**

- कुन तहको विशेषज्ञ हुन खोजेको हो सो खुलेको निवेदन। माथिल्लो तहको स्थायी शिक्षकले एकभन्दा बढी तहको लागि निवेदन दिन सक्ने छन् ।
- स्थायी नियुक्तिको प्रतिलिपि र अस्थायी काम गरेको भए सोको समेत प्रतिलिपि।
- विद्यालय वा क्यमपसबाट सेवा प्रमाणित पत्र सेवा पुष्टी गर्ने कागजात जस्तैः नियुक्ति, पत्र करार सम्झौता समेत।
- शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि।
- निवेदन दस्तुर आधारभूत तह १-५ को लागि रु ५००।, आधारभूत तह ६-८ को लागि ७००।, माध्यमिक तह कक्षा ९-१० को लागि रु ९००। र कक्षा ११-१९ को लागि रु ११००। लाग्ने।

**नोटः** विषय विशेषज्ञमा सुचिकृत हुनको लागि दिइने निवेदनका साथ कुन तह र विषयमा निवेदन दिने हो सो तह र विषयमा शिक्षक सेवा आयोगबाट स्वीकृत पाठ्यक्रम बमोजिम ५ सेट नमूना (विषयगत तथा वस्तुगत) प्रश्नपत्र समेत पेश गर्नु पर्नेछ।

२०७६।०६।३०
मंगल सिंह बेढा
शाखा अधिकृत